जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.चि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक १४ २०७८ साल कात्तिक १४ गते आइतवार (31 Oct. 2021 Sunday) मूल्य रु. ७/-

चाडपर्वको नाममा फजुल खर्च नगरौं
सँस्कृतिको संरक्षण र सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : मानसिक स्वास्थ्यमा ... पृष्ठ ३ मा : भारतको सुप्रिम कोर्ट र ... पृष्ठ ४ मा : अमानविय व्यवहारप्रति ... पृष्ठ ५ मा : सरकारी शिक्षामा सहकारी ....

# जलाशयहरुको सरसफाई अभियान सुरु



**राजबिराज**/दिपावली र छठ पर्वका लागि राजविराज नगरपालिकाले धार्मिकस्थल तथा छठ पर्व हुने जलाशयहरुको सरसफाई अभियान सुरु गरेको छ ।

सप्तरीमा छठ पर्वमा सर्वाधिक श्रद्धालुभक्तजनको भिड लाग्ने राजविराजस्थित भगवती मन्दिरको भगवती पोखरीको सरसफाई गरि अभियानको सुरुवात गरिएको हो ।

नगर प्रमुख शम्भुप्रसाद यादवको नेतृत्वमा वडाका जनप्रतिनिधि र नगरपालिकाका कर्मचारी तथा सरसफाईकर्मी सम्मिलित टोलीले सरसफाई सुरु गरेका हुन् ।

तराईको महत्वपूर्ण पर्वको रुपमा मानिएको छठ पर्व विभिन्न जलाशयको डिलमा मनाउने गरिन्छ । पर्व नजिकिदै गर्दा अधिकांश जलाशय फोहर भएको जानकारी आएपछि सरसफाई अभियान थालिएको नगर प्रमुख यादवले बताए ।

उनले क्रमिक रुपमा छठ पर्व हुने अन्य जलाशयमा समेत टोली पुग्ने बताउँदै पोखरीमा जथाभावी फोहर नफाल्न र आफ्नो ठाउँ तथा नदी तलाउ सदैव सफा राख्न पनि सबैसँग आग्रह गरेका छन् ।

## बंगलादेशकी महिला नेतृ बेगम खालिदा जियाको पुतला दहन

**राजविराज**/विश्व हिन्दु परिषद् सप्तरीको अगुवाईमा बुधबार राजविराजमा बंगलादेशकी महिला नेतृ बेगम खालिदा जियाको पुतला दहन गरिएको छ ।

बंगलादेशमा रहेका हिन्दुहरुमाथी भएको हिंसा, हत्या, बलात्कारलगायतका घटनाको पक्षमा अभिव्यक्ति दिएको भन्दै हिन्दुवादी संघसंगठनको संयुक्त सहभागितामा भएको प्रदर्शन पश्चात् सो पुतला दहन गरिएको हो ।

उनीहरुले उक्त अमानविय र आंतकारी घटनामा संलग्न दोषिहरुलाई कडा कारवाहीका

*बाँकी पाँच पृष्ठमा*

# जनमत पार्टीद्वारा कार्यकर्ता रिहाईको माग गर्दै मसाल जुलुस प्रदर्शन



**राजविराज**/जनमत पार्टीले पक्राउ परेका आफ्ना कार्यकर्ताको रिहाईको माग गर्दै शुक्रबार राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको छ ।

स्थायिन शिवमन्दिरको प्राङ्गणबाट निकालिएको मसाल जुलुसमा कार्यकर्ता रिहाईको माग तथा सरकारबिरुद्ध चर्को नाराबाजी गरिएको थियो ।

जुलुस बजार परिक्रमा पश्चात् जनआन्दोलन चौकमा बिरोधसभामा परिणत भएको थियो । यसअघि सोमबार आन्दोलन समिति गठन र सिटी जुलुस, मंगलबार मोटरसाइकल र्‍याली, बुधबार बिरोध सभा र बिहीबार हरेक वडामा यूवा दस्ता प्रशिक्षण लगायतका आन्दोलन कार्यक्रम सम्पन्न गरिसकेका सो पार्टीले शनिबार अधिवेशन कार्यक्रम र आइतबार आन्दोलनको समिक्षा गरि आन्दोलनका थप सशक्त कार्यक्रम घोषणा गर्ने तयारी गरेको पार्टीका जिल्ला सचिव थानेश्वर साहले जानकारी दिए ।

यस्तै पार्टीका वरिष्ठ नेता

*बाँकी पाँच पृष्ठमा*

## कालो ढुसी (म्यूकरमाइकोसिस) सम्बन्धी जान्नै पर्ने कुरा

कोभिड-१९ भएका बिरामीमा आँखा, नाक र अनुहार बिगार्ने
कालो ढुसीको संक्रमण नेपालमा अहिले केही मानिसमा पुष्टि भएको छ।
यो संक्रमण विरलै देखिन्छ तर संक्रमण गम्भीर भए प्राणघातक पनि हुनसक्ने
भएकोले समयमा नै ध्यान पुऱ्याउनु आवश्यक छ।

### कालो ढुसीका सामान्य प्रारम्भिक लक्षणहरू

- अनुहार, मुख, नाक, आँखा वरिपरि दुख्ने
- ज्वरो आउने
- आँखा र नाक सुन्निने, रातो हुने वा दुख्ने
- आँखाको ढकनी सुनिने र ढकनी झुक्ने, आँखाले धमिलो देख्ने
- नाकको वरिपरिको छालाको रंग कालो हुँदै जाने, रगत बग्ने, बाक्लो सिंगान आउने
- दाँत दुख्ने वा हल्लिने

### उच्च जोखिम भएकाहरु

- कोभिड-१९ उपचारका क्रममा स्टेरोइड प्रयोग गरेका व्यक्तिहरु
- चिकित्सकको सल्लाह बिना एन्टिबायोटिक वा अन्य औषधीको जथाभावी प्रयोग गर्नेहरु
- मधुमेह भएका वा शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु

### घरमा आइसोलेसनमा बस्दा अपनाउन सकिने रोकथामका उपायहरू

- सफा र सुख्खा मास्क प्रयोग गर्ने, डिस्पोजेबल मास्कको पुन: प्रयोग नगर्ने
- नियमित रुपमा हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने
- घर बाहिर वा फोहरमा काम गर्नु परे डिस्पोजेबल पन्जाको प्रयोग गर्ने
- धेरै धुलो भएको र ओसिलो ठाउँमा नजाने
- नुनिलो पानीले नाक सफा गर्ने
- पोभिडोन आयोडिन भएको तरल पदार्थले घाँटी र मुख कुल्ला गर्ने
- मधुमेह भएका बिरामीले सुगर नियन्त्रणमा राख्ने
- स्वास्थ्यकर्मीको सल्लाहमा मात्रै औषधी प्रयोग गर्ने

**यो कोरोना जस्तो एक मानिसबाट अर्को मानिसमा सर्दैन**

राजगढ गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी

## राष्ट्रिय जनगणना २०७८
### मेरो गणना-मेरो सहभागिता

➢ जनगणनामा विशेष गरी

- अल्पसंख्यक समुदाय, देशका दूरदराज र पिछडिएका क्षेत्रमा बसोबास गर्ने मानिस, आमसञ्चारको पहुँचबाट पर रहेका समुदाय, रोजगारीको लागि अत्यधिक व्यस्त रहनु पर्ने व्यक्तिहरु छुट्ने सम्भावना धेरै हुन्छ ।

त्यसैले;

➢ आफ्नो घर, टोल, छिमेक, बस्ती, समुदाय आदिमा कोही छुटेको थाहा पाइएमा पैसा नलाग्ने फोन नम्बर ११७८ मा फोन गरी जानकारी दिऊँ ।

गणना गर्ने अवधि: कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# जनता ठगिने प्रवृतीबाट मुक्त हुनु आवश्यक

बजारमा दैनिक उपभोग्य सामाग्रिहरुमा अत्याधिक मुल्य बृद्धि भएको छ। जसकारण उपभोक्ताहरु मर्कामा परेका छन् । पछिल्लो समय पेट्रोल, डिजल, मट्टितेल, खाना पकाउने ग्यास, खाद्यान्न, औषधी, लत्ताकपडासमेतमा मुल्य निरन्तर बढ्दै गएको छ। तर, सम्बन्धीत निकायले ध्यान दिन सकिरहेको छैन् । यता बजार अनुगमन समितिले यसको नियन्त्रणका लागि कुनै प्रयास गरेको छैन् । मात्र अनुगमनको नाममा पसल पसल गएर म्याद गुज्रिएका सामानहरु बरामद गरिरहेको छ। यस्ता कार्यले अनुगमनलाई झनै विवादमा पारेको छ। कीन भने अनुगमन समितिको क्षेत्र भनेको मुल्य बृद्धि समेतलाई नियन्त्रण गर्नु हो । यसतर्फ समितिले हालसम्म कुनै नीति नै अपनाएको देखिन्न् । यसले गर्दा उपभोक्ता मारमा पर्नुका साथै ठगिने प्रवृति बढेर गएको छ।

अनुगमनको पाटो सम्हालेका समितिले जनताको हितमा काम गर्न सकिरहेको देखिन्न् । यसका लागि समितिले पसलमा मात्र नगएर उपभोक्ता समेतको गुनासो सुन्नु आवश्यक छ । गुनासोको आधारमा गरिने अनुगमनले सार्थकता पाउने कुरामा दुई मत नहोला ।

तसर्थ बजार अनुगमन समितिले जनताको हितमा सही र सार्थक अनुगमन गरेर उनीहरुको विश्वास जित्नु पर्ने आवश्यकता रहेको छ। अनिमात्र जनता ठगिने प्रवृतीबाट मुक्त हुनसक्छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मानसिक स्वास्थ्यमा सम्बन्धको महत्व

**कुन्दन काफ्ले**

सम्बन्ध भनेको दुई चरित्रबीचको पारस्परिक विश्वास र सम्झौताको जग हो। जसको आधारमा टेकेर व्यक्ति अर्थात एउटा चरित्र व्यक्ति-व्यक्तिरुपी चरित्रहरु मिलेर बनेको समाजमा बाँचेको हुन्छ र समाजसँग दोहोरो सम्बन्ध गाँसेको हुन्छ। आफ्नो सम्बन्धको गहिराईलाई मापन गर्न सक्ने अथवा पहिचान गर्न सक्ने सामर्थ्यवान् व्यक्तिले मात्र सफलतालाई हात पार्ने गर्दछन् । सफल हुनु भनेको मानसिक तवरले समेत स्वस्थ रहनु हो। सम्बन्धको प्रकृति वा स्वरुप बुझ्न असमर्थ व्यक्तिहरु दुविधा र असमञ्जसको जीवन बाँचिरहेका हुन्छन् । त्यस्ता व्यक्तिहरुलाई कदम कदममा असफलताले पनि पछ्याइरहेको हुन्छ ।

स्वस्थ शरीरमा स्वस्थ मनको बास भएझैँ शान्त समाजमा स्वस्थ सम्बन्धको सार रहेको हुन्छ । कुनै पनि राष्ट्रको दीर्घायूको कवच भनेको त्यसमा हुने सुसम्बन्धको विस्तार नै हो । सम्बन्ध सधैँ एकनासले यौटै धरातलमा कायम रहेको हुँदैन। यो गतिशील हुन्छ र समय सन्दर्भ बमोजिम यसले आफ्ना आयामहरु बदलिरहेको हुन्छ । मानसिक स्वास्थ्य समस्या हुनु भनेको सम्बन्धको त्यस्तो बदलिँदो आयामलाई पहिचान गरी आफूलाई समय सापेक्ष सो अनुरुप ठीक ढंगले समुदायमा प्रकट गर्न नसक्नु पनि हो ।

सम्बन्ध जति सरल र सहज भयो समाज पनि त्यतिनै सबल र सुदृढ एवम् सुरक्षित र संरक्षित हुने गर्दछ । पेचिलो सम्बन्ध मानसिक स्वास्थ्य समस्याको द्योतक हो। यसले सौहार्दपूर्ण सामाजिक वातावरणलाई बिथोल्ने कार्य गर्दछ । पेचिलो सम्बन्धका कारण सामाजिक वातावरण सकसयुक्त, उकुसमुकुसले भरिपूर्ण बन्दै जान्छ । पेचिलो सम्बन्धले जरा गाडेको समाजमा रिस-राग, वैमनुष्यता, द्वन्द आदि झाँगिँदै अनि मौलाउँदै जाने हुन्छ । जसले सामाजिक सद्भाव र त्यसमा रहेको मधुरतालाई नष्ट गरी कुरुप तथा रुग्न सम्बन्धले गाँजिएको अस्थिर समाजको ढाँचामा रुपान्तरण हुन उपरोक्त संरचनालाई सघाऊ पुर्याउँछ । यसरी अस्थिर समाजको मूल्य, मान्यता विकसित भएपछि त्यस्तो समाजमा व्यक्तिमात्र हैन, मानव सुचांकको अवस्था नै बिथोलिने गरी सम्पूर्ण समुदायले गम्भीर क्षति भोग्नु पर्ने हुनसक्छ । जस्तो कि उदाहरणका लागि मानव सभ्यतामा गृहयुद्धले क्षत-विक्षत भएका राष्ट्रहरु रहेका छन् ।

आजभोलि विकसित मुलुकबाट शुरुवात भएको प्रायोजित सम्बन्धको यतिबेला नेपालमा पनि बोलाबाला रहेको अवस्था छ । निश्चित प्रायोजनका लागि गाँसिने यसप्रकारको प्रायोजित सम्बन्ध आवधिक हुन्छ र यो उद्देश्य पुरा भएपछि आफैँ समाप्त हुने गर्दछ । यस्तो प्रायोजित सम्बन्धलाई विखण्डनकारीहरुले आफ्नो उद्देश्य साँध्ने हतियारको रुपमा इस्तमाल गर्न सक्तछन् । प्रायोजित सम्बन्धले व्यक्तिलाई वास्तविक संसारबाट टाढा कपोल कल्पित दुनियाँमा रम्न सिकाउँछ र यसले प्रकृतिको सिद्धन्त विपरीत व्यक्तिलाई साधन ठान्छ । यस्तो अवस्थामा व्यक्ति समुदाय अथवा परिवारमा रहे पनि ऊ नितान्त एक्लो र नि:सहाय हुन्छ । यान्त्रिक समाजको अवधारणामा विश्वास राख्ने प्रायोजित सम्बन्धमा मानवीय मूल्य र मान्यताका कुराहरु गौण रहनुका साथै यसले दीगो विकाशको लक्ष्यको नारालाई समेत ओझेलमा पार्न सहायक भूमिका खेल्ने हुन्छ । व्यक्तिलाई असामाजिक बनाउन ठूलो हात रहने यो प्रायोजित सम्बन्धको हालीमुहाली हाम्रो जस्तो अविकसित भौगोलिक विकटता रहेको मुलुकका लागि दुर्भाग्य हो । यसबाट काटमार, हिंसा, द्वन्द र अशान्तिको सुत्रपात हुनु बाहेक अरु कुनै सकारात्मक परिसूचकको अपेक्षा गर्नु कठिन हुन्छ । प्रायोजित सम्बन्धको प्रादुर्भावले मानसिक स्वास्थ्य समस्याको दरलाई मात्र बढाउँदैन, बरु यसले राष्ट्रको गरिमा, मर्यादा र अखण्डतालाई समेत नोक्सान गर्छ । त्यसैले प्रायोजित सम्बन्धको दलदलबाट मुलुकलाई बचाएर राष्ट्रको मौलिकतालाई जीवन्त राख्न मानवीय मूल्य र मान्यतामा आधारित दृष्टान्तहरु प्रधानताका साथ व्यवहारमा लागु हुनेगरी विधिको शासन कायम हुनु पर्दछ ।

मानसिक स्वास्थ्य समस्यामाथि चासो वा पर्वाह राख्नुको साटो पूर्वाग्राही ढंगले मानसिक स्वास्थ्य समस्या भएको व्यक्ति तथा उनीहरुका परिवारमाथि श्रापित बहिष्करणको नीति अख्तियारी गर्नु समस्याको यथोचित सुनुवाई होइन, बरु यो समस्याप्रति देखिएको उदासिनता हो । मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति तथा सम्बन्धित पक्षलाई औँलो तेर्साएर भूत, प्रेत, पिसाच लागेको भनी भ्रमको डम्फू फुकेको भरले राज्यमा रहेको स्रोत, साधन र सम्पत्तिबाट निजहरुलाई अलग्याउनु अथवा अलग्याउन खोज्नु नाङ्लो ठटाएर हात्ती तर्साउनु जस्तै असान्दर्भिक कार्य हो । यस्तो प्रवृत्तिजन्य कार्यबाट लामो शसस्त्र द्वन्द भोगेको धरासायी राज्यलाई मानसिक स्वास्थ्य समस्याले गाँजेको वर्तमानको कहालीलाग्दो अवस्थाबाट कहाँ बाहिर निकाल्न सकिन्छ र ? तर, बदलामा पेचिलो बन्दै गएको सामाजिक सम्बन्धको धारलाई फुकाएर खुकुलो तुल्याउने प्रयास स्वरुपसम्बन्धित पक्षले त्याग र समर्पण भाव जस्ता मानवीय मूल्य मान्यताका विषयहरु व्यवहारमा अंकित हुने गरी सम्बन्धको कसीलाई मजबुति प्रदान गर्न सके बाँकी रहेको मानसिक सुस्वास्थ्यरुपी सुधा रसलाई नष्ट हुनबाट जोगाउन नसकिएला भन्न पनि सकिँदैन ।

विश्व स्वास्थ्य संगठनले प्रत्येक चारजना व्यक्तिमध्ये एक जनालाई जीवनको कुनै कालखण्डमा मानसिक स्वास्थ्य समस्याको भएको हुन्छ भन्ने कुराको खुलासा गरेको अवस्था छ । यसले मानसिक स्वास्थ्य समस्याको विष्फोटक अवस्थालाई प्रतिविम्वित गर्छ। यस्तो भयावह अवस्थाबाट बाहिर आउन राज्यले सकारात्मक हस्तक्षेपकारी भूमिका खेल्नु पर्छ । तर, व्यवहारमा भने राज्यबाट सो बमोजिम कार्य भएको देखिँदैन । बरु यसको विपरीत राज्यपक्ष सुनियोजित तवरले विभिन्न विभेदकारी कानून तथा प्रतिकूल व्यवस्थाहरुमार्फत मानसिक स्वास्थ समस्या भएका व्यक्ति वा उनीहरुको समुदायलाई कलंकित र बदनाम तुल्याई सिङ्गो समाज अनि सामाजिक मर्यादा नै धरापमा पर्ने गरी विनाशकारी पथतिर लम्कन खोजेकोझैँ प्रतीत हुन्छ ।

त्यसैले समयमा नै जिम्मेवार कर्तव्यवाहक पक्षहरुबाट मानसिक स्वास्थ्य समस्याको समाधानका लागि उचित पहल हुनु अवश्यक छ । अन्यथा, कुनैदिन एकले थुकी सुकी, सयले थुकी नदी भनेझैँ सबैको आँखाको कसिङ्गर बन्न सफल यस मानसिक स्वास्थ्य समस्याको दहले सबैलाई लिएर नजाला भन्न सकिँदैन र अन्त्यमा, जो अगुवा उही, बाटो हगुवा भन्ने उक्ति चरितार्थ हुँदै आएको यस नेपाली समाजमा त्याग र समर्पण भावजस्ता कुराहरु तपसिलमा रहेता पनि यसलाई नीति निर्माता तथा विज्ञहरुले गम्भीर भई व्यवहारिक रुपमा अनुसरण गर्न सके यो लेख इन्द्रका अगाडि स्वर्गको बयान भने पक्कै हुने थिएन । स्वास्थ्य खबरबाट




तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# भारतको सुप्रिम कोर्ट र नेपालको सर्वोच्च अदालत

**लक्ष्मण पन्त**




भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो कार्यकालको अन्त्यतिर भारतको सुप्रिम कोर्टमा अभूतपूर्व विवाद चुलियो । जनवरी २०१८ मा नयाँ दिल्लीको तिलक मार्गमा अवस्थित सुप्रिम कोर्टका चारजना वरिष्ठत न्यायाधीशहरूले पत्रकार सम्मेलन गरेर बहालवाला प्रधानन्यायाधीश दीपक मिश्राविरुद्ध न्यायालयको मर्यादा र गरिमामा आँच पुराएको र न्यायप्रणाली विपरीत आचरण गरेको आरोप लगाएका थिए । भारतको न्यायपालिकाको इतिहासमा त्यो पहिलो घटना थियो ।

प्रधानन्यायाधीशविरुद्ध उत्रिएका ती चार न्यायाधीशहरूले सुप्रिम कोर्टको स्वतन्त्रता र लोकतन्त्र खतरामा परेकाले आफूहरु यसरी सार्वजनिकरुपमा आउनुपरेको बताएका थिए । उनीहरुको मुख्य आरोप थियो : प्रधानन्यायाधीशले मुलुकमाथि दूरगामी प्रभाव पार्ने मुद्दाहरु हेर्ने जिम्मा आफ्नो छनोटमा परेको इजलासलाई दिन्छन् वा आफ्नै नेतृत्वमा इजलासको गठन गर्दछन । उदाहरणका लागि संविधान आकर्षिक हुने सुप्रिम कोर्टमा परेका विभिन्न मुद्द हेर्न बनेका सातवटा संवैधानिक इजलास उनकै नेतृत्वमा थिए ।

भारतको केन्द्रीय जाँच एजेन्सी सीबीआईका विशेष न्यायाधीश वृजगोपाल हरकिसन लोयाको सन् २०१४ मा रहस्यमय परिस्थितिमा भएको मृत्युको छानविन गर्नका लागि परेको मुद्दाको सुनवाई उनले आफूप्रति निष्ठावान एकजना जुनियर न्यायाधीशलाई दिएका थिए । उनीमाथि लागेको यो अर्को गम्भीर आरोप थियो । उल्लेख्य छ कि जस्टिस लोयाले गुजरात राज्यका एकजना मुस्लिम सोहोराबुद्दीन शेखको नक्कली मुठभेड हत्या मामिलाको छानबिन गर्दै थिए । सन् २००५ मा शेखको मृत्यु त्यतिबेला भएको थियो जतिबेला भारतका वर्तमान गृहमन्त्री अमित शाह गुजरातका मुख्यमन्त्री थिए ।

भारतीय न्यायपालिकाको इतिहासमा पहिलो पटक सुप्रिम कोर्टका चारजना वरिष्ठतम न्यायाधीशहरुले प्रधानन्यायाधीश विरुद्ध विद्रोह गरेका थिए । प्रधानन्यायाधीशलाई मिश्रालाई महाभियोग लगाएर हटाउनुपर्ने माग चर्किँदै गएपछि विपक्षी कांग्रेस पाटी र अन्य केही दलहरुले महाअभियोगको प्रस्ताव संसदमा पेश गरेका थिए ।

जस्टिस मिश्रामाथि मेडिकल कलेज प्रकरणमा सघाऊ पुराएको, सोसम्बन्धी मुद्दा आफू नेतृत्वको इजलासमा ल्याएको, संवेदनशील मुद्दाहरु आफू पक्षको बेञ्चलाई आवंटन गरी आफ्नो अधिकारको दुरुपयोग गरेको आदिजस्ता पाँचवटा आरोपहरू लगाइएका थिए । तर, महाभियोगको प्रस्तावलाई आधारहीन भन्दै भारतीय संसदका स्पिकरले अस्वीकार गरिदिएका थिए । जस्टिस मिश्रामाथि लागेको आरोपको सार यो थियो कि उनी भ्रष्ट छन, स्वेच्छाचारी र निरंकुश छन र उनले कार्यपालिकाको अवैध र अपवित्र साँठगाँठमा मुलुकको संविधान, लोकतन्त्र, न्यायायालयको गरिमा सबैमाथि गम्भीर आघात पुराएका छन ।

भारतीय सुप्रिम कोर्टमा तीन वर्ष पहिले देखिएको विवाद र नेपालको सर्वोच्च अदालतका प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा केन्द्रित हालको विवाद देश, काल र परिस्थितिका हिसाबले भिन्न छ । तर, कमसेकम दुईवटा कुरामा भने भारत र नेपालको शीर्षस्थ न्यायापालिकाभित्रको विकृतिमा गजबको समानता देखिन्छ ।

पहिलो समानता हो : न्यायपालिकाभित्र सरकार अर्थात कार्यपालिकाको घुसपेठ हुनु वा न्यायपालिका र कार्यपालिकाबीचको साँठगाँठ हुनु । नेकपालाई अवैधानिक ठहर गर्दै नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई ब्यूँताउने चोलेन्द्र श्रीमानको फैसला तत्कालीन ओली सरकार र न्यायापालिकाबीचको साँठगाँठकै एउटा शानदार दृष्टान्त थियो ।

उता भारतमा पनि सीबीआईका विशेष न्यायाधीश लोयाको मृत्युको स्वतन्त्र छानबिन हुनुपर्ने भनी परेको मुद्दा सुप्रिम कोर्टका दोस्रो वरिष्ठ न्यायाधीशको इजलासबाट छलछामपूर्वक प्रमुख न्यायाधीश दीपक मिश्राले जुनियर न्यायाधीशको इजलासमा स्थानान्तर मात्र गराएनन्, इजलासका जुनियर न्यायाधीश अरुण मिश्राले सो मुद्दाविरुद्ध नै फैसला सुनाए ।


अरुण मिश्रा तिनै न्यायाधीश हुन जसले प्रधानमन्त्री मोदीलाई विश्वस्तरकै नेता भनेर सार्वजनिकरुपमै प्रशंशा गरेर विवादित बनेका थिए । न्यायसेवाबाट रिटायर भएर हाल उनी मानवाधिकार आयोगका अध्यक्ष छन् । वरिष्ठ न्यायाधीशको बेञ्चबाट कनिष्ठ न्यायाधीशको अदालतमा सारिएको यो घटनालाई भारतका विपक्षी राजनीतिक दलहरुले भाजपा नेतृत्वको सरकारको न्यायपालिकामाथिको नांगो हस्तक्षेपका रुपमा लिने गरेका छन् ।

शक्ति पृथक्कीकरणको सिद्धान्तको यो नांगो उपहास हो । दुवै मुलुकका सर्वोच्च न्यायालयमा देखिने विकृतिहरुमा दोस्रो समानता हो : आफ्नो स्वार्थ जोडिएका मुद्दा किनारा लगाउनका लागि आफ्नो नेतृत्वमा वा आफू अनुकूलको इजलास गठन गर्ने विषयमा दुवै मुलुकका

*बाँकी चार पृष्ठमा*




छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय सप्तरी

# एक दर्जन भन्दा बढी एमालेमा प्रवेश

**राजविराज**/अधिकारकर्मी अनीता देवकोटालगायत एक दर्जन बढी महिलाहरु नेकपा एमाले पार्टीमा प्रवेश गरेका छन् ।

नेकपा (एमाले) निकट अखिल नेपाल महिला संघ (अनेमसंघ)द्वारा राजविराजमा शुक्रबार आयोजित प्रदेश स्तरिय विस्तारित बैठक तथा शुभकामना आदानप्रदान कार्यक्रममा एकल महिला समूह प्रदेश २ की अध्यक्ष एवम् महिला मानव अधिकार रक्षक सञ्जाल सप्तरीकी अध्यक्ष देवकोटालगायत गायिका एवम मैथिली अभियानी कञ्चन झा, अधिकारकर्मीहरु सुनरवती यादव, मन्जु साहलगायत प्रवेश गरेकी हुन् ।

कार्यक्रममा राष्ट्रिय सभाकी सदस्य एवम् अनेमसंघकी सचिवालय सदस्य तुलसाकुमारी दाहालले उनीहरुलाई टिका र गम्छा लगाएर अनेमसंघ प्रवेश गराइन् ।

विस्तारित बैठक तथा शुभकामना आदानप्रदान कार्यक्रममा सप्तरी एमाले उपाध्यक्ष अब्दुल मजिद साकिर, सचिव देवनाथ यादव, राष्ट्रिय परिषद् सदस्यहरु शैलेन्द्रचन्द्र झा, सुखराम यादव, किसान संघका राजाराम यादव, युवा नेता अखिलेश झा, अनेरास्ववियुका सचिवालय सदस्य ललितनारायण रजक, प्रेस चौतारीका पिन्टु यादवलगायतकाले शुभकामना मन्तव्य दिएका थिए ।

यसैगरी विस्तारित बैठकले १ सय २१ सदस्यीय प्रदेश कमिटी विस्तार गर्ने निर्णय गर्दै नवगठित कमिटीका सदस्यहरुलाई शपथ ग्रहण गराइएको छ । अनेमसंघकी सचिवालय सदस्य एवम प्रदेश २ की संयोजक रन्जु झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश २ का आठवटै जिल्लाका अगुवा महिलाहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा हरिवन नगरपालिकाकी उपमेयर रेणुका पौडेल, इश्वरपुर नगरपालिकाकी उपमेयर एकावती चौधरी, मिथिला नगरपालिकाकी उपमेयर तारा बस्नेत लामा र लहान नगरपालिकाकी उपमेयर सरियार चौधरी समेतको उपस्थिति रहेको थियो ।

# अमानविय व्यवहारप्रति इन्जिनियरहरुको आपत्ति, दोषिमाथी कारवाहीको माग

**राजविराज**/ नेपाल ईन्जिनियरिङ् समाजले खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय जनकपुरका आयोजना प्रमुख राजेश कुशवाहामाथि जनमत पार्टीका नेता कार्यकर्ताहरुद्वारा गरिएको अमानवीय व्यवहारप्रति घोर भर्त्सना गरेको छ ।

समाजका केन्द्रीय अध्यक्ष इ. सन्जिव नारायण यादवको अगुवाइमा जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम मार्फत गृहमन्त्री समक्ष ज्ञापनपत्र पनि बुझाएको छ ।

समाजको उच्च व्यक्ति देश विकासमा अग्रपंक्ति रुपमा स्थापित रहेको सिडिईलाई दिन दहाडै तालिवानी शैलिमा कार्यालय प्रवेश गरि अमानवीय तरिकाले दुर्व्यहार गरि नगर परिक्रमा गराउँदा पनि प्रहरी प्रसासन मुखदर्शक बसेको देख्दा देशमा कानुनी शासन नभएको अनुभुती भएको बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ ।

बुझाएको ज्ञापनपत्रमा देशको उच्च मर्यादित बुद्धिजीवी ईन्जिनियर तथा राष्ट्र सेवक कर्मचारीमाथि गरिएको अमानवीय व्यवहारको पराकाष्ठ रहेको भनिएको छ भने नेपाल ईन्जिनियरिङ् समाज प्रदेश नम्बर दुई समिति अन्तर्गत रहेको सम्पूर्ण ईन्जिनियरहरुको तर्फबाट कडा कारवाहीको जोडदार माग समेत गरिएको छ ।

कर्मचारीहरुलाई मनोवल बढाउन नसके देश भरी विरोधको कार्यक्रम घोषणा गरि ईन्जिनियरिङ् सेवा पूर्ण रुपमा ठप्प गर्ने चेतावनी समेत दिएका छन् ।

त्यैसैगरि नेपाल ईन्जिनियर्स एसोसिएसनको अगुवाइमा देश भरि नै नेपाल ईन्जिनियरिङ् सोसाइटी लगायतका संगठनहरु शान्तिपूर्ण विरोध प्रदर्शन कार्यक्रमको तस्बिरसहित प्रदर्शनमा सहभागी भएका ईन्जिनियरहरुलाई धम्कीपूर्ण भाषामा डा सिके राउत सचिवालयको अधिकारीक पेजबाट गरिएको पोस्ट प्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

यस प्रकारको तुच्छ शब्दको प्रयोग गरी कुनै अधार प्रमाण बिना नै भ्रष्टाचारको हवाला दिइ कर्मचारी माथी भौतिक आक्रमण गर्ने लगायतका विभिन्न धम्कीहरु सिके राउत र उनका कार्यकर्ताहरुले समाजमा द्वन्द्व निम्त्याउन खोजेको भन्दै आवश्यक छानबिन गरी कानुन बमोजिम कडा कारवाहीको लागि जोडदार माँग समेत गरेका छन ।

# उद्योगि लालु अग्रवालद्वारा अध्यक्ष पदमा उम्मेदवारी घोषणा

**राजविराज**/आउँदो मंसिर ४ गते हुने उद्योग बाणिज्य संघ सप्तरीको निर्वाचनका लागि जिल्लाका उद्योगि लालुप्रसाद अग्रवालले अध्यक्ष पदमा उम्मेदवारी दिने भएका छन् ।

शनिबार शुभ दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरि उनले उम्मेदवारीको घोषणा गरेका हुन् ।

आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा श्यामबाबा सप्लार्यसका संचालक समेत रहेका अग्रवालले उद्योगि व्यवसायीहरुको छाता संगठनलाई सबैको साझा संगठन बनाउन आफ्नो उम्मेदवारी रहन स्पष्ट पारे । उनले कोरोनाका कारण संकटमा परेको व्यापार



व्यवसायलाई उकास्न क्षमताले भ्याएसम्म पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष अरुण प्रधान, पूर्व अध्यक्ष मनोज मुन्धडा, पत्रकार महासंघका पूर्व अध्यक्ष मूरली प्रसाद यादव, इटा व्यवसायी संघका अध्यक्ष दुर्गानन्द साह, उद्योगी एवं कानुन व्यवसायी सुरेश सिंह लगायतले दिपावली एवं छठ पर्वको शुभकामनासहित संघको आगामी निर्वाचनमा योग्य, सक्षम र इमान्दार व्यक्तित्वलाई नेतृत्व सुम्पनु पर्नेमा जोड दिएका थिए ।

व्यवसायी बैजु जोशीद्वारा संचालित कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने एक दर्जन व्यक्तित्वलाई सम्मान गरिएको थियो । उद्योग बाणिज्य संघ सप्तरीले आउदो मंसिर ४ गतेलाई शाखाको निर्वाचन तोकेको छ । जसमा जिल्लाको १८ वटै स्थानिय तहका गरि संघमा करिब २ हजार मतदाता छन् ।

*भारतको सुप्रिम...*

प्रधानन्यायाधीशहरुको चरित्र मेल खानु । भारतको सुप्रिम कोर्ट र नेपालको सर्वोच्च अदालत दुवैमा फोरम सपिङ् वा बेन्च हन्टिङ् कुख्यात छ जसको अर्थ हो - आफू अनुकूलको अदालतको बेन्चमा वा आफु अनुकूलको न्यायाधीशबाट आफ्नो मुद्दा सुनुवाइका लागि लबिङ् गर्नु । जस्टिस दीपक मिश्रा यसका लागि बदनाम थिए ।

जहाँसम्म महत्वपूर्ण नियुक्तिमा भागबण्डाको सवाल हो, चोलेन्द्र शमशेर श्रीमानको हकमा संवैधानिक नियुक्तिहरुमा आफ्ना मान्छेहरु राखेको र आफ्ना जेठानलाई मन्त्रीमा नियुक्ति दिलाएको भन्ने विषयमा प्रशस्त समाचारहरु बाहिर आइसकेका छन् । विभिन्न सन्दर्भ प्रसंगहरुलाई मिलाएर हेर्दा त्यसमा अन्तरनिहित सच्चाइलाई नकार्ने ठाउ कतै पनि छैन । तर, भारतको हकमा भने त्यसरी नांगो रुपमा न्यायपालिका प्रमुखले कार्यपालिकासित भाग नै खोजेको भने केही पाइन्न । भारतीय न्यायपालिकालाई शंकाको लाभ दिएर यो भन्न सकिन्छ कि नेपालको तुलनामा भारतीय न्यायपालिकाले आफ्नो डेकोरम मेन्टेन गरेको छ ।

पूर्वप्रधानमन्त्री ओलीले आफू न्यायालयको मुद्दामा प्रवेश गर्न अनिच्छुक रहेको बताएर र प्रधानन्यायाधीशको राजीनामा माग्ने न्यायाधीशहरुमाथि कटाक्ष गर्दै आफूहरु चोलेन्द्र शमशेरको पक्षमा रहेको बताएका छन् । यसबाट पनि कार्यपालिका र न्यायापालिकाबीचको नेक्ससलाई बुझ्न मद्दत मिल्छ । अर्का पूर्वप्रधानमन्त्री प्रचण्ड स्वयं न्यायाधीश चोलेन्द्र शमशेरलाई भेटन जानु र यो विवाद एकाध दिनमै सल्टिने बताउनुले कार्यपालिका र न्यायपालिकाको हिमचिम पुनः कही साँठगाठकै स्तरमा त विकास हुन खोजेको होइन भन्ने प्रश्न पनि उब्जिएको छ ।

मुलुक र यसका तीन करोड नागरिकहरुले सर्वोच्च अदालत र त्यसको मुख्य नेतृत्व प्रधानन्यायाधीशमाथि यस कारण विश्वास गरेका हुन्छन् कि त्यहाँबाट न्याय पाइन्छ । तर, आज यो विश्वास फेरि एकपटक अविश्वास र शंकामा बदलिएको छ । नागरिक समाज, नेपाल बार, पूर्वन्यायाधीशहरु, बहालवाला न्याधीशहरु, बुद्धिजीविहरु, सञ्चार जगत सबै प्रधानन्यायाधीशले राजीनामा गरेर न्यायालयको गरिमालाई बचाउनुपर्ने निष्कर्षमा पुगेका छन् ।

प्रधानन्यायाधीशलाई हटाउने विधि आफ्नो ठाउमा छदैछ, तर उहाँप्रति आफ्नै टिमको विश्वास पनि नभएको स्थितिमा भविष्यमा मुलुकको न्याय सम्पादनकै काममा गम्भीर बाधा उपस्थित हुने र सिंगो न्याय प्रक्रियामाथि नै गम्भीर सवाल खडा हुने निश्चित छ । प्रधानन्यायाधीश न्यायमूर्तिमात्र होइन, टिम लिडर पनि हो । टीम लिडरमाथि सदस्यहरुको विश्वास गुम्नु भनेको टिमको अस्तित्व नै संकटमा पर्नु हो । प्रधानन्यायाधीशको भूमिकामाथि यतिका धेरै प्रश्नहरु उठिसकेपछि नैतिकताका आधारमा राजीनामा दिएर निकास दिनु नै मुलुकमाथि र यसको न्याय व्यवस्थामाथि मात्र होइन, चोलेन्द्रजी आफैंप्रति पनि न्याय हुनेछ । रातोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# सरकारी शिक्षामा सहकारी विषयको पढाई हुने




**राजविराज**/राष्ट्रिय सहकारी महासंघकी वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले कक्षा ९, १०, ११ र १२ मा मात्र नभएर त्रिभुवन विश्वविद्यालयले पनि स्नाकोत्तर तहमा सहकारी विषयको पढाई गराउने तर्फ सरकार लागि परेको जानकारी दिएकी छिन्।

जनज्योति कृषि सहकारी संस्था लि. राजविराज ९ मलेठको शनिबार १० औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उनले सो जानकारी दिदै सरकारले कक्षा ९, १०, ११ र १२ को पाठ्यक्रममा सहकारी शिक्षा समावेश गरि पढाउने तयारी भइरहेको बताइन्।

सहकारी क्षेत्रमा भइरहेको विकासप्रति चासो व्यक्त गर्दै उनले प्रदेश २ मा हालसम्म पनि सहकारी ऐन नबनेकाले चिन्ता समेत व्यक्त गरिन। मुलुकभरमा ७३ लाख ७ हजार व्यक्ति सहकारी सदस्य रहेकोमा ५६ प्रतिशत महिला नै रहेकोमा सहकारीमा महिलाको प्रतिनिधित्व पुरुष भन्दा बढी रहेकाले महिलाहरु सहकारीप्रति बढी सकारात्मक रहेको सन्देश प्रवाह भएको बताईन्।

एक सदस्य एक सहकारीको सदस्य मात्र बन्न पाउने प्रावधान चाडै नै लागु हुने बताउँदै वरिष्ठ उपाध्यक्ष मल्लले सहकारी एउटा पाटीको नभएर जनताको हो भन्ने सबैले बुझ्नु जरुरी रहेको भनिन्।

वरिष्ठ उपाध्यक्ष मल्लले सप्तरीलाई कार्य क्षेत्र बनाएर जनज्योतीले गरिरहेको कार्य प्रशंसायोग्य रहेको भन्दै आगामी दिनका लागि संस्थाले ल्याएको रणनीतिक व्यवसायीक योजनाले सफलता पाउने विश्वास व्यक्त गरिन्।

सो कार्यक्रममा राष्ट्रिय सहकारी बैंक राजविराजका शाखा प्रबन्धक चन्द्रमणि भट्टराइले सहकारी संस्थाका सदस्यहरुलाई आगामी दिनमा बैंकले फण्ड ट्रान्सफर बैंकिङ सुविधा ल्याउन लागेको जानकारी दिए।

यस्तै कार्यक्रममा राजविराज वडा नं. ९ का अध्यक्ष शम्भुप्रसाद यादवले जनज्योति कृषि सहकारी संस्थाले वडाको मात्र नभएर जिल्लाकै सहकारी क्षेत्रको विकासमा पुऱ्याएको योगदान वडावासीका लागि गौरान्विक रहेकोमा प्रशंसा गरे। उनले वडावासीलाई बिजुली, टेलिफोन बिल, विदेशबाट आएको रकम लगायत अन्य बैंकिङ कारोबार संस्थाबाटै गरिरहेकाले सजिलो भएको बताए।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा उनले अध्यक्षिय प्रतिवेदनसंगै संस्थाको चार वर्षे रणनीतिक व्यवसायी योजना प्रस्तुत गरेका थिए।

## *बंगलादेशकी महिला ...*

लागि विश्वभरबाट नै हिन्दु समुदायले दवाव दिनु पर्नेमा जोड दिएका थिए।

हिन्दु धर्मावलम्बीमाथी भएको आक्रमण तथा हत्या हिंसा गर्ने आक्रमणकारीको पक्षमा अभिव्यक्ति दिएकी बंगलादेश नेस्नलिस्ट पार्टीकी अध्यक्ष बेगम खालिदा जियाको पुतला दहन गरेको विश्व हिन्दु परिसद् सत्संग विभाग सगरमाथा सम्भागका सहसंयोजक जंगबहादुर सिंहले जानकारी दिए।

प्रदर्शनपछि आयोजित कोणसभामा परिसद्का जिल्ला अध्यक्ष रामकिसुन साह, सचिव दिगम्बर यादव, हिन्दु राष्ट्र स्वभिमान जागरण अभियानका संयोजक रमाकान्त यादव, हिन्दुवादी अगुवा भोगेन्द्र झा लगायतले बोल्दै बंगलादेशमा हिन्दु धर्मावलम्बी तथा मन्दिरहरुमा भएको आक्रमणलाई आंतकवादी कार्यको संज्ञा दिएका थिए।

## *जनमत पार्टीद्वारा ...*

अनिस अंसारीले भ्रष्टाचारको अन्त्य तथा कार्यकर्ता रिहाईका लागि थालिएको आन्दोलन अझ सशक्त रुपमा अघि बढ्ने बताए।

मसाल जुलुस पश्चात् आयोजित विरोधसभालाई वरिष्ठ नेता अंसारी, जिल्ला सचिव साहलगायतले सम्बोधन गर्दै पक्राउ परेका कार्यकर्ताको रिहाई तथा भ्रष्टाचार उन्मूलन नभएसम्म आन्दोलन अझ सशक्त रुपमा अघि बढ्ने चेतावनी समेत दिएका थिए।

काममा ढिलासुस्ती तथा विकास निर्माण कार्यमा आर्थिक अनियमितता गरेको भन्दै कात्तिक ४ गते जनकपुरमा संघीय ढल विकास तथा खानेपानी कार्यालयका निमित्त प्रमुख इन्जिनियर जागेश्वर कुशवाहामाथी भएको दुर्व्यवहारमा संलग्न रहेको आरोपमा जनमत पार्टीका १७ जना कार्यकर्तालाई प्रहरीले पक्राउ गरि मुद्दा दर्ता गरेको छ।


# खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३


# अन्तर्राष्ट्रिय समाचार

## म्यानमारकी नेतृ सूकीका सहयोगीलाई २० वर्ष जेल सजाय

**याङ्गुन**/देशद्रोह गरेको आरोपमा देश निकाला गरिएका नागरिक नेता आङ सान सुकीका निकट सहयोगीलाई शुक्रबार २० वर्षको जेल सजाय सुनाएको उनका वकिलले बताएका छन्।

म्यानमारमा सन् २०२१ को फेब्रुअरी १ को विद्रोहदेखि नै राजनीतिक अस्तव्यस्तता देखिएको छ। एक स्थानीय मानव अधिकार अनुगमनकारी समूहका अनुसार यो अवधिमा राष्ट्रव्यापीरुपमा ठूला विरोध प्रदर्शनहरू भएका र सैनिक सरकारविरुद्ध प्रदर्शनका पक्षधर एक हजार १०० भन्दा बढी मानिसहरू सुरक्षा फौजद्वारा मारिएका छन्।

वकिल माइन्ट थ्विनले एएफपीसँग भने, "यू विन एचटिनलाई विशेष अदालतले धारा १२४ 'क' अन्तर्गत २० वर्षको कैद सजाय सुनाएको छ।

थ्विनका अनुसार संसद्का पूर्वसदस्यसमेत रहेका नेता एचटिन पुर्पक्षपछि जुन्ता प्रशासनले यति लामो कैद सजाय सुनाएका सुकीको नेसनल लिग फर डेमोक्रेसीको पहिलो उच्च पदस्थ सदस्य हुन्। ८० वर्षीय उनी लामो समयदेखि राजनीतिक कैदी हुन्। उनी लामो समयसम्म सैन्य शासनविरुद्ध प्रचार गरेको आरोपमा पक्राउ परी पुर्पक्षका लागि जेलमा रहँदै आएका थिए।

गिरफ्तार हुनुभन्दा तीन दिनअघि उनले स्थानीय सञ्चारमाध्यमलाई सैन्य शासन 'विवेकी निर्णय नभएको' र यसले देशलाई गलत दिशामा लगेको बताइएको छ।

सुकीलाई दशकौँसम्म जेलमा थुनेको, गैरकानुनी ढङ्गमा वाकीटकीहरू आयात गर्नेदेखि लिएर कोरोनाभाइरस नियमलाई बेवास्ता गर्नेजस्ता अभियोगहरूको सामना गर्नु परिरहेको छ।

सेनाले पुर्पक्ष गरेको चार महिनापछि मङ्गलबार जुन्ता अदालतमा उनले पहिलो पटक बयान दिएकी मुद्दाबारे जानकार स्रोतले एएफपीलाई बताएको छ।

न्यापितको विशेष अदालतमा सुकीको पुर्पक्षमा उपस्थित हुन सञ्चारमाध्यमलाई रोक लगाइएको छ र जुन्ताले हाले आफ्नो कानुनी टोलीलाई सञ्चारमाध्यमसँग कुरा गर्न प्रतिबन्ध लगाएको छ। एजेन्सी

## फेसबुकद्वारा आफ्नो कम्पनीको नाम परिवर्तन

**सान फ्रान्सीस्को**/चर्चित सामाजिक सञ्जाल फेसबुकको सञ्चालक संस्था परिवर्तन भएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत मार्क जुकरबर्गले कम्पनीको नाम परिवर्तन गरेर मेटा बनाइएको बिहीबार घोषणा गर्नुभएको हो।

कम्पनीले सामाजिक सञ्जालभन्दा बढी 'भर्चुअल रियालिटी'जस्ता क्षेत्रमा आफूलाई विस्तार गरिरहेकाले त्यहीअनुसारको नयाँ नाम राख्नु परेको उहाँले बताउनुभयो।

"नयाँ राखिएको नामले कम्पनीको कार्यक्षेत्र विस्तारमा सजिलो हुने विश्वास लिएका छौँ," प्रमुख कार्यकारी अधिकृत जुकरबर्गले भन्नुभयो।

अहिलेको नामले सम्भवत आफूहरूले अहिले गरिरहेको वा भविष्यमा गर्ने सबै कामको प्रतिनिधित्व नगर्ने भएकाले नाम परिवर्तन गर्नुपरेको उहाँले स्पष्ट पार्नुभयो।

यसअघि कम्पनीको नाम पनि फेसबुक नै थियो। फेसबुक कम्पनीमार्फत् फेसबुकसँगै इन्स्टाग्राम, ह्वाट्स एप सञ्चालित थियो।

कम्पनीले बिहीबार नै अमेरिकाको क्यालिफोर्नियास्थित मेन्लो पार्कको मुख्यालयमा नयाँ लोगो पनि सार्वजनिक गरेको छ।

फेसबुकका एकजना पूर्वकर्मचारीले कागजातहरू सार्वजनिक गरिदिएपछि फेसबुकबारे नकारात्मक धारणा बनिरहेका बेला कम्पनीले यो नयाँ घोषणा गरेको हो।

यसअघि सन् २०१५ मा यस्तै अर्को ठूलो प्रविधि कम्पनी गुगलले पनि आफ्नो मुख्य कम्पनीको नाम परिवर्तन गरेर अल्फाबेट बनाएको थियो।

नयाँ नामका कारणले भविष्यमा यस कम्पनीका प्रयोगकर्ताहरूले कम्पनीका अन्य सुविधा प्रयोग गर्न फेसबुक प्रयोग गर्नुपर्ने बाध्यता हट्ने उहाँको भनाइ रहेको छ। एजेन्सी

# मिथिला कपको सेमिफाईनलमा रंजितपुर प्रवेश



**राजबिराज**/युवा शक्ति क्लव बिष्णुपुरद्वारा आयोजित मिथिला कप सिजन ३ को शनिवार सम्पन्न खेलमा रंजितपुर रोयर्स सेमिफाईनलमा प्रवेश गरेको छ ।

सम्पन्न खेलमा रूपनी राईडर्सले टस जितेर निर्धारित २० ओभरमा १० बिकेट गुमाई १ सय १९ रनको योगफल खडा गरेको थियो । जसमा रोबिन सिँह २९ रन, सुनिल धमला २१ अमित श्रेष्ठ २० शंकर राना १४ रनको योगदान रहयो ।

बलिंगतर्फ रंजितपुर रोयर्सका बिकान्त देव ४, रासिद खान ३ भुवन कार्कि २ र संन्जित साहले १ बिकेट हात पारेका थिए ।

जवाफमा १ सय १९ रनको लक्ष्य लिई मैदानमा आर्लेका रंजितपुर रोयर्सले १९ ओभर १ बल खेल्दै ७ बिकेट लक्ष्य पूरा गरेको थियो । जसमा टिमका लागी अनिल साह, ३३ रन, पंकज दास २२ रासिद खान २१ अविजित र बिजय देव १३ अविजित रहदै रन जोडेका थिए ।

बलिंगतर्फ रूपनी राईडर्स का रोबिन सिँह ३ रोहित सिँह र सुमित झा ले १/१ रन बनाएका थिए । खेलको म्यान अफ दि म्याच बिजय टिमका लागि रासिद खान घोषित भएका थिए ।




# लोसपाद्वारा सदस्यता बितरण अभियानलाई निरन्तरता



**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सदस्यता बितरण गर्ने अभियानलाई निरन्तरता दिएको छ ।

शनिबार सप्तरीको तिलाठी कोईलाडी गाउपालिका ८ तोपाका वडा अध्यक्ष लक्ष्मी खंगको अध्यक्षतामा आयोजित सदस्यता बितरण कार्यक्रममा दर्जनौलाई सदस्यता बितरण गरि पार्टीमा प्रवेश गराइएको छ ।

यो सँग छिन्नमस्ता ५ लोखरममा तीन सय जनालाई सदस्यता बितरण गरिएको लोसपा सप्तरी नेता सुनिल झाले जानकारी दिए ।

यसअघि सप्तरीको छिन्नमस्ता गाउपालिका वडा नं. ७ हाटीस्थित वडा अध्यक्ष प्रमिला यादबको अध्यक्षतामा आयोजित सदस्यता बितरण कार्यक्रममा ५ सय जनालाई सदस्यता बितरण गरिएको थियो ।

सो अवसरमा लोसपा केन्द्रीय नेता जय प्रकाश ठाकुरले दलित, मुस्लिम, उत्पिडन वर्गको अधिकारसँगै राज्यमा सबै वर्गको अधिकारसँगै बिकासका लागि लड्ने एक मात्र बिकल्प लोसपा रहेकोले जनताले बिश्वास गरेर सप्तरीको सबै तहमा निर्वाचित गराउन आग्रह समेत गरे ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादबले छिन्नमस्ता गाउपालिका ७ को वडा भवन नहुदाँ वडा कार्यलय संचालनका लागि समस्या भईरहेको अबस्थामा ४ कठ्ठा जग्गा किनेर भवन निर्माण कार्यलाई तिव्रता दिएको जानकारी दिए ।

पुर्व वडा अध्यक्ष समेत रहेका प्रमुख यादबले केही नेताहरू पदिय लोभलालचका कारण पार्टी छोडेर गएकोले त्यसले लोसपालाई केही फरक नपर्ने बताउदै जनताले त्यसता नेतालाई मुल्यांकन गरेर चुनावमा भोट दिनुपर्ने बताए ।

उनले लोसपा नेपालले सप्तरीमा सबै तहमा चुनाव निर्वाचित हुने लक्ष्यका साथ सबै स्थानिय तहमा सदस्यता अभियानलाई सक्रियता साथ बढाएको जिकिर गरे ।

राजबिराजका पुर्व नगर प्रमुख शैलेश चौधरीले मधेशीको अधिकारका लागि सयौ मधेशी सहादत सँगै हजारौ घाईते पश्चात् प्रदेश २ सरकारको निर्माण भए तर मधेशको अधिकार प्राप्त हुन नसकेको दुःख व्यक्त गरे । उनले जसपाका अध्यक्ष उपेन्द्र यादबको निर्वाचन क्षेत्रको बिकासको अबस्था जिर्ण रहेकोले आफ्नो क्षेत्रकै राजबिराज नगरपालिकाको सडकको अबस्था लज्जास्पद रहेको उल्लेख गरे ।

लोसपा केन्द्रीय नेता बिनोद कुमार सिँहले सप्तरीमा एक नम्वरको पार्टी बनाउने उद्देश्यका साथ सप्तरीमा गत राजपामा एक लाख जनाले सदस्यता लिएकोले पुनः यो पार्टीको एक लाख सदस्यता बितरण गर्ने लक्ष्य राखेको दाबी गरे ।

सो अवसरमा पार्टीका जिल्ला अध्यक्ष मण्डलका सदस्य अमरनाथ मण्डल, छिन्नमस्ता गाउपालिका उपाध्यक्ष उषा मण्डल, यूवा नेता दिपेन्द्र चौधरीलगायतले मन्तब्य दिएका थिए ।

# बसको ठक्करबाट पैदल यात्रीको मृत्यु

**राजविराज**/सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर चोकमा बसको ठक्करबाट मंगलबार राती एक पैदलयात्रीको मृत्यु भएको छ ।

पुर्वबाट पश्चिमतर्फ जादै गरेको को.१ख. ७७८४ नं.को बसले पैदलयात्री स्थानीय ४५ वर्षिया ठण्डेश्वरी भगतलाई ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

ठक्करबाट गम्भिर घाईते भएकी भगतलाई तत्काल उपचारका लागी युनिक अस्पताल रुपनीमा भर्ना गर्दा चिकित्सकले मृत्यु घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता प्रहरीले बस र बस चालक मोरङ धनपालथान गाउँपालिका ३ मयागन बस्ने ३२ वर्षिय बिनोद राजवंशीलाई नियन्त्रणमा लिएको छ ।

# मृत हरिण फेला पर्‍यो

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौना चोकस्थित राजमार्गमा एक मृत हरिण फेला परेको छ ।

अन्दाजी एक सय किलो वजन भएको जंगली हरिणको सवारी साधनको ठक्करबाट मृत्यु भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बुधबार बिहान ७ बजे प्रहरीलाई उक्त घटना बारे खबर प्राप्त भएपछि प्रहरी टोली घटनास्थल पुगि कानुनी प्रकृया पुरा गरेर मृत हरिणलाई ईलाका वन कार्यालय रुपनी सप्तरीको जिम्मा लागाइएको छ ।




अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · CITY EXPRESS MONEY TRANSFER · Best Remit Quick & Easy · prabhu Money Transfer · प्रभुको इच्छा · रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*